नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

## विज्ञप्ति

यस वर्षको बडादशैं पछि नेपालीहरूको अर्को ठूलो चाड तिहार तथा छठ निकट रहेको छ । कोभिड-१९ को बढ्दो संक्रमणको कारण स्वास्थ्य प्रोटोकल तथा सुरक्षा मापदण्ड पूर्णरूपमा पालना गर्ने गरी सुरक्षित रूपमा चाडपर्व मनाउन, कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि घरभित्रै सुरक्षित तवरले बस्न, जो जहाँ छौं त्यहिं चाड मनाउन, अत्यावश्यक काम नपरी घरबाट बाहिर ननिस्कन, अत्यावश्यक काममा बाहिर निस्कँदा स्वास्थ्य मापदण्डको अनिवार्य रूपमा पालना गर्न, देउसी भैलो लगायतका भिडभाड हुने कार्यक्रममा सहभागी नहुन, वालवालिकाहरूलाई पनि त्यस्ता कार्यक्रममा नपठाउन गृह मन्त्रालय सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरूमा हार्दिक अनुरोध गर्दछ ।

साथै, चाडपर्वको अवसरमा अत्यावश्यक उपभोग्य बस्तुको आपूर्तिलाई सहज बनाउन, कालोबजारी, कृत्रिम अभाव हुन/गर्न नदिन संयुक्त अनुगमन टोली गठन गरी निरन्तर बजार अनुगमन गर्न मातहत निकायहरूलाई आवश्यक निर्देशन दिइएको छ । यसै गरी तिहारको निहुँमा जुवातासजन्य कुनै पनि गैरकानूनी तथा अवाञ्छित गतिविधि नगर्न, स्वास्थ्य तथा सुरक्षाको दृष्टिकोणले जोखिम हुने भुईंचम्पा, पटका, आतसबाजी जस्ता प्रज्वलनशील पदार्थको उत्पादन बिक्री, वितरण र प्रयोग नगर्न समेत सम्पूर्ण नागरिकहरूमा हार्दिक अनुरोध छ ।

७/२५

मितिः २०७७/०७/२५

चक्र बहादुर बुढा
सहसचिव/प्रवक्ता